


# पोर्चुगल र मोरोक्कोलाई जित आवश्यक

समूह 'बी' अन्तर्गत दोस्रो चरणको खेलमा बुधबार पोर्चुगलले मोरोक्कोको सामना गर्दैछ। समूह चरण पार गर्न दुवै टोलीलाई जितकै आवश्यक छ। पोर्चुगलका लागि भने मोरोक्कोसँग मेक्सिको १९८६ विश्वकपको समूह चरणमा ३-१ ले हारेको बदला लिने अवसर मिलेको छ। जारी विश्वकपमा समूहको पहिलो खेलमा पोर्चुगलले बलियो स्पेनलाई अन्तिम क्षणतिर बराबरीमा रोक्दै आफू बलियो रहेको प्रमाणित गरेको थियो।

पहिलो खेलमा १ अंक जोडेको पोर्चुगललाई अन्तिम १६ मा स्थान बनाउन मोरोक्कोविरुद्धको खेल महत्त्वपूर्ण बनेको छ। समूहको शीर्षमा रहन पोर्चुगल ३ अंकका साथसाथै बढीभन्दा बढी गोल गर्नेतिर केन्द्रित हुनेछ। पछिल्ला ३ विश्वकपमा भन्दा यसपटक पहिलो खेलमा ह्याट्रिक गरेका क्रिस्टियानो रोनाल्डो लयमा देखिएका छन्।

यता मोरोक्को भने पहिलो खेलमा असोचनीय आत्मघाती गोलका कारण पराजित भएपछि इरानलाई ३ अंक दिन बाध्य बन्यो। तर समूहको दोस्रो खेल भने मोरोक्कोका लागि 'गर या मर' को स्थितिमा रहेको छ। जारी विश्वकपमा रहिरहन मोरोक्कोलाई पोर्चुगलविरुद्ध कम्तिमा पनि बराबरीको नतिजा आवश्यक छ। यदि पोर्चुगलसँग पराजित भएमा मोरोक्को २०१८ को फिफा विश्वकपबाट बाहिरिने पहिलो टोली बन्नेछ।

तर पोर्चुगलविरुद्धको खेलमा भने नाबिल डिरारसहित ४ रक्षकको बलमा रोनाल्डोको आक्रमणलाई निस्तेज पार्नेतर्फ मोराक्को लाग्नेछ। यस्तै इरानविरुद्धको खेलमा गोलका लागि निकै संघर्ष गरेका फरवार्ड आयूब एल काबीको स्थानमा खालिद बूटेबले स्थान पाउने प्रबल सम्भावना छ।

## हेड टू हेड

१९८६ विश्वकप – मोरोक्को ३ पोर्चुगल १

Vs

**मोरोक्कोका सम्भावित खेलाडीहरू :**
मोनीर एल काजुई, असरफ हकिमी, घनेम साईस, मेहदी बेनाटिया, हम्जा मेन्डील, करीम एल अहमदी, हकीम जियाच, एम्बार्क बौसूफा, योनेस बेल्हन्दा, नूरद्दीन अम्ब्राबाट, खालिद बोटैब।
**सम्भावित फर्मेसन :** ४-४-२

**पोर्चुगलका सम्भावित खेलाडीहरू :**
रुई पेट्रिसिया, सेड्रिच, पेपे, जोसे फोन्टे, रफाएल गुरेरो, विलियम, जाओ मौटिन्हो, बरनार्डो सिल्भा, जाओ मारियो, आन्द्रे सिल्भा, क्रिस्टियानो रोनाल्डो।
**सम्भावित फर्मेसन :** ४-३-३

# साउदी नमीठो हारबाट उम्कने प्रयासमा

समूह 'ए' अन्तर्गत आफ्नो पहिलो खेलमा जित हासिल गरेको उरुग्वेलाई साउदी अरेबियाको चुनौती त्यति कठिन नहुन सक्छ। पहिलो खेलमा मोहमद सलाहविहीन इजिप्टमाथि १-० संघर्षपूर्ण जित हासिल गरेपछि तुलनात्मकरूपमा साउदी अरेबियालाई भन्दा उरुग्वेलाई दोस्रो खेलमा दबाब कम भएको छ।

समूहको अन्तिम खेलमा आयोजक रुसको चुनौती पाउन अघि नै उरुग्वेले साउदी अरेबियाविरुद्ध शानदार जित हासिल गर्ने रणनीति बुनेको हुनुपर्छ। साउदी अरेबियाविरुद्ध हुने खेलमा चर्चित स्ट्राइकर लुइस स्वारेजका लागि उरुग्वेका तर्फबाट १ सयौं म्याच हुनेछ।

यता समूह ए पहिलो खेलमा लज्जास्पद ५-० को पराजय भोगेको साउदी अरेबियाका लागि बुधबारको खेल 'गर या मर' को अवस्थामा रहेको छ। अन्तिम १६ मा पुग्ने चुनौतीलाई यथावत राख्न साउदी अरेबियालाई कम्तिमा पनि बराबरीको नतिजा अनिवार्य बनेको छ।

**उरुग्वेका सम्भावित खेलाडी :**
फर्नान्डो मुस्लेरा, गुइलर्मो भरेला, जोसे मरिया गीमीनेज, डिएगो गोडिन, मार्टिन कसेरेस, नहितान नान्देज, मतिअस भेसिनो, रोड्रिगो बेन्तानसार, क्रिस्टियन रोड्रिग्वेज, लुइस स्वारेज, एडिन्सन कभानी।
**सम्भावित फर्मेसन :** ४-४-२

**साउदी अरेबियाको सम्भावित खेलाडी :**
मोहमद एलोवाइस, मोहमद अलबुर्‍याक, ओसामा हवसवी, अली अलबुल्याही, यासेर अलसाहारनी, सलेम अल्दासरि, अब्दुल्लाह ओटाएफ, सलमान अल्फाराज, ताईसिर अल्जासाम, याहिआ अलशेरी, फहाद अलमुल्लाद।
**सम्भावित फर्मेसन:** ४-३-३ अथवा ४-५-१



## हेड टू हेड

यी दुई टिमले अहिलेसम्म २ पटक मैत्रीपूर्ण म्याच खेलेका छन्। एकमा साउदीले जितेको छ भने अर्को खेल बराबरीमा सकिएको थियो।

Vs

# विश्वकप कति पटक चोरी भयो?

(स्रोत: साधना, पूर्णाङ्क-२०, विश्वकप फुटबल ९४ विशेषांक)

हरेक ४ वर्षको एकपटक अरबौं अरब मानिसले हेर्ने विश्वकप ट्रफीको पनि आफ्नै रोचक इतिहास छ। १९२८ मा अन्तर्राष्ट्रिय फुटबल संघ (फिफा) को अनुरोधमा विश्व विजेता फुटबल टिमलाई प्रदान गरिने यो ट्रफी फ्रान्सका शिल्पकार एबल लेफलेयरले बनाएका हुन्। देवीले षट्कोण उठाएको यस ट्रफी १.८ किलोग्राम सुनले बनेको थियो। विश्वमै अत्यन्त प्रतिष्ठित मानिने यो ट्रफी जित्ने पहिलो शौभाग्य सन् १९३० मा उरुग्वेलाई प्राप्त भएको थियो। त्यसपछि सन् १९३४ र १९३८ गरी ८ वर्षसम्म यो ट्रफी इटलीको हातमा रह्यो।

दोस्रो विश्वयुद्धमा जर्मनीले इटलीमाथि विजय हासिल गरेपछि जर्मनी नाजीहरूको हातबाट बचाउन त्यसबेला 'फिफा' का इटालियन उपाध्यक्ष ओटोरिनो बेरस्सीले यस ट्रफीलाई बट्टामा लुकाएर राखेका थिए। सन् १९४६ मा 'फिफा' का पहिलो अध्यक्ष 'जुल्स रिमेट' को नामबाट यस ट्रफीको नामाकरण गरियो।

बेलायतले १९६६ मा आफ्नै देशमा भएको विश्वकपमा जुल्स रिमेट कप जितेको थियो। कप जितेको खुसीयालीमा वेस्ट मिनिस्टर हलमा यसको प्रदर्शन गरियो। तर पहिलो सार्वजनिक प्रदर्शन स्थलबाटै अचम्मसँग गायब भयो। बेलायतभरि सनसनी र हंगामा मच्चियो। प्रहरीले बेलायतको कुना-काप्चा छापा मार्‍यो। तर केही सीप लागेन। ट्रफी चोरी भएको ठीक १ हप्तापछि थेम्स बाँधका डेविड कोर्बेट नामक एक कर्मचारीलाई आश्चर्यजनक ढंगले हराएको यो ट्रफी भेट्टाउने श्रेय प्राप्त भयो।

२६ वर्षीय डेविड त्यसदिन लन्डनस्थित आफ्नो घरबाट कुनै आफन्तलाई टेलिफोन गर्न निक्लेका थिए। उनी सँगसँगै उनका 'पिकल्स' नामको पाल्तु कुकुर पनि उनीसँगै निस्केको थियो। कुकुरले घरबाट निस्कनेबित्तिकै घरकै नजिकै झाँडबाट उठाएर अखबारले बेरिएको एउटा पोको मुखले च्यापेर मालिकको अगाडि झारिदियो।

मालिक डेविडले पोको खोलेर हेरेपछि हेरेको हेर्‍यै भए। किनभने त्यस पोकोभित्र बेलायतका प्रहरीले १ हप्तासम्म बेलायतभरि खोजेर पनि पाउन नसकिएको विश्वकप बेरिएको थियो। उनले तत्कालै प्रहरीलाई खबर गरेपछि सरकारले उनलाई ३ हजार पाउन्ड पुरस्कारस्वरूप उपलब्ध गराएको थियो। त्यसपछि डेविड कोर्बेट र उनको कुकुरको नामले कैयौं दिनसम्म विश्वका अखबारमा स्थान पाइरह्यो।

१९७३ मा कुकुर मरे पनि उनको नाम पाको उमेरका बेलायतीलाई अहिलेसम्म पनि कण्ठै छ। कुकुरका ५४ वर्षीय मालिक कोर्बेटचाहिँ ४ वर्ष अघिसम्म डाक विभागमा कार्यरत थिए र अहिलेसम्म जिउँदै छन्।

ब्राजिलले १९५८, १९६२ र १९७० मा ३ पटक विश्वकप जितेपछि जूल्स रिमेट कप सधैंका लागि ब्राजिलमै रहने भयो। त्यसपछि फिफाले फेरि अर्को ट्रफी बनाउन बाध्य हुनुपर्‍यो। इटलीका शिल्पकार सिल्लिओ गेजेनिकाले यसको बनावट तयार गरे। यसलाई बनाउन ५३ जना शिल्पकारको आवेदन परेको थियो। पछि बनेको यस ट्रफीमा 'फिफा विश्वकप' अंकित गरिएको छ।

३६ सेमि लामो यस ट्रफीमा ४.९७ किलोग्राम सुन खपत भएको छ। यसमा २ जना धावकको जोडिएको पिठ्युँमाथि पृथ्वी (ग्लोब) देखाइएको छ। पछिल्लो ट्रफीलाई २ लाख ३० हजार डलर खर्च गरेर बीमा गराइएको थियो।

१९८३ मा यो ट्रफी ब्राजिल फुटबल संघको मुख्य कार्यालय रियो डे जेनेरियोमा अत्यन्तै कडा सुरक्षाका साथ राखिएको थियो। तर यसै सालको १९ डिसेम्बरमा केही बदमास आएर चौकीदारलाई बाँधी ट्रफी चोरेर कुलेलम ठोके। त्यो चोरिएको ट्रफी आजसम्म भेट्टाउन सकिएको छैन। चोरले सुनको लोभले गर्दा त्यसलाई पगालेर मासिसकेको अनुमान गरिएको छ।

दोस्रो ट्रफी पनि चोरी भएपछि फिफाले फेरि हुबहु त्यस्तै ट्रफी बनाएको छ। पछिल्लो ट्रफीको डिजाइन पश्चिम जर्मनीका बाबु छोरा शिल्पकार मिलेर बनाएका हुन्। शिल्पकार गेट र उनको छोराले संयुक्तरूपमा बनाएको यस ट्रफीमा १.८ किलोग्राम सुन खर्च गरेका छन्। यस ट्रफीको लागत जम्मा ३४ हजार ८०० डलर मात्र परेको छ। पटक-पटक चोरी हुने डरले गर्दा अहिले फिफा विश्वकपलाई बैंकको सुरक्षित सेफमा राखेर विजयी टिमलाई सुनजडित प्रतिरूप मात्र टक्र्याउने गर्दै आएको छ।

# इरानलाई स्पेनको चुनौती

स्पेनले पहिलो खेलमा ३-२ को अग्रता लिएर पनि जित हात पार्न सकेन। पोर्चुगलका स्टार खेलाडी क्रिस्टियानो रोनाल्डोले खेल सकिन २ मिनेट बाँकी हुँदा सुन्दर फ्रि किकमा गोल गरेर खेल बराबरीमा सकाएको थियो। स्पेन स्पष्ट ३ अंक जोड्न सफल भएन। २०१० को विश्व विजेता स्पेन गत ब्राजिलमा भएको विश्वकपमा पहिलो चरणबाटै बाहिरिएको थियो। यो तीतो अनुभवलाई जतिसक्दो बिर्साउन स्पेनले प्रयास गर्नेछ।

उता इरान दोस्रो चरणमा पुग्न खेलको स्तर बढाउनुपर्ने हुन्छ। इरान समूह 'बी' मा मोरोक्कोलाई १-० ले हराएर शीर्ष स्थानमा छ। सो खेलमा मोरोक्कोले धेरै दबाब दिए पनि अन्तमा बराबरीतिर लागेको खेल आत्मघाती गोलका कारण जितको सुई इरानतिर घुमेको थियो। इरानका लागि डिएगो कोस्टालाई पन्छाउन मुस्किल हुनेछ। कोस्टाले पोर्चुगलविरुद्ध २ गोल प्रहार गरेर चर्चामा छन्।



## अंक तालिका

समूह 'ए'

| टोली | MP | W | D | L | GF | GA | PTS |
|---|---|---|---|---|---|---|---|
| रुस | १ | १ | - | - | ५ | ० | ३ |
| उरुग्वे | १ | १ | - | ० | १ | ० | ३ |
| इजिप्ट | १ | - | - | १ | ० | १ | ० |
| साउदी अरेबिया | १ | - | - | १ | ० | ५ | ० |

समूह 'बी'

| टोली | MP | W | D | L | GF | GA | PTS |
|---|---|---|---|---|---|---|---|
| इरान | १ | १ | - | - | १ | - | ३ |
| पोर्चुगल | १ | - | १ | - | ३ | ३ | १ |
| स्पेन | १ | - | १ | - | ३ | ३ | १ |
| मोरोक्को | १ | - | - | १ | - | १ | ० |

समूह 'सी'

| टोली | MP | W | D | L | GF | GA | PTS |
|---|---|---|---|---|---|---|---|
| फ्रान्स | १ | १ | - | - | २ | १ | ३ |
| डेनमार्क | १ | १ | - | - | १ | ० | ३ |
| अस्ट्रेलिया | १ | - | - | - | १ | २ | ० |
| पेरु | १ | - | - | १ | ० | १ | ० |

समूह 'डी'

| टोली | MP | W | D | L | GF | GA | PTS |
|---|---|---|---|---|---|---|---|
| क्रोयसिया | १ | १ | - | - | २ | ० | ३ |
| अर्जेन्टिना | १ | - | १ | - | १ | १ | १ |
| आइसल्यान्ड | १ | - | १ | - | १ | १ | १ |
| नाइजेरिया | १ | - | - | १ | ० | २ | ० |

समूह 'ई'

| टोली | MP | W | D | L | GF | GA | PTS |
|---|---|---|---|---|---|---|---|
| सर्बिया | १ | १ | - | - | १ | - | ३ |
| ब्राजिल | १ | - | १ | - | ० | ० | १ |
| स्विजरल्यान्ड | १ | - | १ | - | ० | ० | १ |
| कोस्टारिका | १ | - | - | १ | ० | १ | ० |

समूह 'एफ'

| टोली | MP | W | D | L | GF | GA | PTS |
|---|---|---|---|---|---|---|---|
| मेक्सिको | १ | १ | - | - | १ | ० | ३ |
| स्वीडेन | १ | १ | - | - | १ | ० | ३ |
| दक्षिण कोरिया | १ | - | - | १ | ० | १ | ० |
| जर्मनी | १ | - | - | १ | ० | १ | ० |

समूह 'जी'

| टोली | MP | W | D | L | GF | GA | PTS |
|---|---|---|---|---|---|---|---|
| बेल्जियम | १ | १ | - | - | ३ | ० | ३ |
| इंग्ल्यान्ड | १ | १ | - | - | २ | १ | ३ |
| ट्युनिसिया | १ | - | - | १ | १ | २ | ० |
| पानामा | १ | - | - | १ | ० | ३ | ० |

समूह 'एच'

| टोली | MP | W | D | L | GF | GA | PTS |
|---|---|---|---|---|---|---|---|
| जापान | १ | १ | - | - | २ | १ | ३ |
| सेनेगल | १ | १ | - | - | २ | १ | ३ |
| पोल्यान्ड | १ | - | - | १ | १ | २ | ० |
| कोलम्बिया | १ | - | - | १ | १ | २ | ० |

## आजको खेल

पोर्चुगल Vs (बी) मोरोक्को
समय : बेलुकी ५:४५ बजे/ स्थान : लूजनिगी स्टेडियम, मस्को

उरुग्वे Vs (ए) साउदी अरेबिया
समय : राति ८:४५ बजे/ स्थान : रोस्तोभ एरेना, रोस्तोभ-अन-डन

इरान Vs (बी) स्पेन
समय : राति ११:४५ बजे/ स्थान : कजान एरेना, कजान

